काहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१ (**कर्मचारी प्रशासन उपशाखा**)

च.नं.:

## करारमा सेवा लिने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मिति २०८०/११/०८)

कोहलपुर नगर कार्यपालिकाको मिति २०८०/१०/१५ गतेको निर्णयानुसार देहायका पदहरुमा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र दिनको ३:०० बजेसम्म राजस्व तिरेको रसिद सहित नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी प्रशासन उपशाखामा दरखास्त दिनुहुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| सि.नं. | बिज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३-०८०/०८१ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १(एक) | १००० | |
| २ | ४-०८०/०८१ | वन प्राविधिक | अधिकृतस्तर छैठौं/सातौं | १(एक) | १००० | |
| ३ | ५-०८०/०८१ | क्षयरोगमुक्त अभियान संयोजक | अधिकृतस्तर छैठौं | १(एक) | १००० | |
| ४ | ६-०८०/०८१ | फार्मेसी सहायक | सहायक पाँचौ | १(एक) | ५०० | |

१. **आवश्यक न्युनतम योग्यता र अनुभवः**

क. **स्वास्थ्य तर्फः** सम्बन्धित पदको लागि लोकसेवा आयोगले तोके बमोजिम योग्यताः मेडिकल अधिकृतका लागी MBBS उत्तीर्ण (MD/MS गरेकोलाई अनुभव वापत पूर्ण अंक दिइने), क्षयरोग मुक्त अभियान संयोजकका लागी BPH उत्तीर्ण, फार्मेसी सहायकका लागि फार्मेसी विषयमा प्रबीणता प्रमाणपत्र तह उतीर्ण

ख. **वन प्राविधिकः** वन विज्ञानमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा तीन वर्षको अनुभव भएको वा वन विज्ञानमा स्नातक तह (B.Sc. Forestry) उत्तीर्ण गरेको ।

ग. **उमेरः** दरखास्त दिने अन्तिम मितिमा अधिकृतस्तर पदका लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र सहायकस्तर पदका लागि १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको(स्वास्थ्य तर्फ) । वन प्राबिधिकको हकमा २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिला, अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।

२. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता (कोहलपुर नगरपालिकामा प्राबिधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यबिधी, २०७५ बमोजिम)।

३. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातः** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आवश्यक शैक्षिक योग्यताको प्रतिलिपी, प्रचलित कानून बमोजिम काउन्सिल वा परिषद दर्ता भएको प्रतिलिपी, स्थानीय खुल्ने कागजात, तालिम र अनुभव प्रमाणपत्रको प्रतिलिपी सहित पूर्णरुपमा भरिएको दरखास्त फाराम सहितको फाइल । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४. **सेवा शर्त र सुविधाः** प्रचलित कानून बमोजिम ।

..................

(धोलकराज ढकाल)

प्रमुख प्रशासकीय अधिकृत

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत